## Ⅳ-2 निवास प्रक्रिया

## 1. जापान पुन: प्रवेश अनुमति (अस्थायी रूपमा जापान छोड्दा)

यदि तपाइँ आफ्नो अस्थायी रूपमा केहि समय को लागि जापान छाड्नुहुन्छ भने, तपाइँ फेरि जापान प्रवेश गर्न पुन: प्रवेश अनुमति प्राप्त गर्न सक्नुहुनेछ। पुन: प्रवेश अनुमतिमा, एक पटकको लागि मात्र पुन: प्रवेश परमिट या मल्टिपल पुन: प्रवेश अनुमतिहरू छन् जुन 5 बर्ष सम्म मान्य हुन्छ (तर जापानमा रहने निबास अवधी पार गरेको हुनु हुदैन) । यदि तपाईं छोटो समयको लागि जापानमा बसोबास गर्दै हुनुहुन्छ पुनः प्रवेश अनुमतिको लागि योग्य हुनुहुने छैन।

पुनः प्रवेश अनुमतिको लागि पेश गर्नुपर्ने कागजातहरू निम्नानुसार छन्।

① पुन: प्रवेश अनुमति फारम। तपाई यो हप्ताको अध्यागमन ब्यूरोमा पाउन सक्नुहुन्छ।
② निवास कार्ड (⇒Ⅳ-1)
③ पासपोर्ट
④ राजस्व टिकट 3000 येन (एक पटक अनुमति) वा 6000 येन (मल्टिपल अनुमतिको लागि)

पुन: प्रवेश अनुमतिहरू प्राय: तुरुन्त सोहि दिन जारी गरिन्छ। ओसाका प्रान्त भित्रको आबेदन ओसाका अध्यागमन ब्यूरोमा दिन सकिन्छ।

तर, प्रविष्टि पुन प्रवेश अनुमति प्रणाली आनुसार यदि जापान मा बस्ने बिदेशी नागरिक संग मान्य पासपोर्ट र निबास कार्ड छ अनि एक वर्ष भित्रमा फेरी जापान फिर्ता हुदै हुनु हुन्छ भने तपाइले पुन प्रवेश अनुमति लिनु पर्दैन। यो सुबिधा प्रयोग गर्दा, जापान छोड्दा अनि पुन प्रवेश गर्दा निवास कार्ड भने देखाउन पर्नेछ।

## 2. बसाई अवधिको नवीकरण

सामान्य तय तपाईको निवास कार्डमा जापान मा कहिले सम्म बस्न सक्ने भन्ने अवधि लेखिएको हुन्छ। यदि यो अवधि सकिदै छ अनि तपाई जापान को बसाई लम्बाउन चाहानु हुन्छ भने तपाइले निबास कार्ड/निबास समय को नबिकरण आबेदन दिनु पर्ने हुन्छ। यो आबेदन तपाई को निबास अवधि सकिन भन्दा ३ महिना अघि बाट गर्न सकिन्छ। यो आबेदन लाई चाहिने कागजात निम्नानुसार छन्।

① निवास अवधि नविकरणको लागि आवेदन (तपाई यो फारम अध्यागमन ब्यूरोमा पाउन सक्नुहुन्छ।)
② निवास कार्ड
③ पासपोर्ट
④ अहिले सम्म र अब बाट गर्ने गतिबिधि को परमाणपत्र। तपाई ले कुन भिषाको नबिकरण गर्दै हुनु हुन्छ तेस आनुसार यो परमाणपत्र फरक फरक हुन सक्छ। कृपया को अध्यागमन ब्यूरोइन्फर्मेसन सेन्टर मा सम्पर्क गरि बिस्तृत बुज्नु होला। न्याय मन्त्रालयको अध्यागमन र आप्रवासन सेवाको वेबसाइटमा पनि यस सन्बधि जानाकारी उपलब्ध छ।
⑤ फोटो

अनुमति

तपाईले बुजाउनु भएको डकुमेन्ट हेरेर बिभागले तपाईको आबेदन लाई सुइक्रित गर्ने या नगर्ने भन्ने निर्णय लिन्छ। तपाईले निबास अबधि नबिकरणको आबेदन दिनु भएपछि निबास कार्डको पछाडी तपाईले नबिकरणको आबेदन दिनु भएको कुरा उन्लेख हुन्छ। तपाइको नबिकरण अबधि सुइक्रित भएमा नया निबास कार्ड प्राप्त गर्नु हुने छ।

## ३. **निवास स्टेट्सको परिवर्तन**

यदि तपाई आहिले जापान मा अहिले रहेको निबास स्टेट्स बाट अर्को मा परिबर्तन गर्न चाहनु हुन्छ भने तपाईले निबास स्टेट्स परिबर्तन गर्ने आबेदन दिन पर्छ। यो आबेदन तपाई जापन भित्र बाट नै गर्न सक्नु हुनेछ। यदि यो आबेदन दिन चाहनु हुन्छ भने पहिले को निबास अबधि नसकिदै निबास स्टेट्स परिबर्तन गर्नु होला होला। निबास स्टेट्स परिबर्तन गर्दा तपाई कुन स्टेट्स बाट कुन स्टेट्स मा जादै हुनु हुन्छ, सोहि आनुसार तपाइले बुझाउन पर्ने डकुमेन्ट फरक हुन सक्छ। त्यसैले बिस्तृत जानकारीको लागि बिदेशी नागरिक इन्फर्मेसन सेन्टरमा संपर्क गर्नु होला या होम पेजमा गएर पनि जानकारी लिन सकिनेछ।

URL **https://www.moj.go.jp/isa/applications/procedures/16-2.html**

## ४. **रेसिडेन्ट कार्ड**मा **लेखेको** भन्दा अलग**को गतिविधि अनुमति**

तपाइले जापान बस्नको लागि पाउनु भएको निबास योग्यता भन्दा बाहिरको काम गर्नु भयो भने त्यो गैर कानुनी काम हुन्छ। उदाहरणको लागि यदि तपाइको को निबास योग्येता विद्यार्थी छ र तपाई पार्ट टाइम काम गर्न खोज्नु भएको छ भने तपाइले गैर-योग्यता गतिविधि अनुमति लिनु पर्दछ। तपाइले पार्ट टाइम काम गर्न सुरु गर्न अघि नै अद्यागमन बिभाग बाट यो अनुमति लिनु होला। यदि विद्यार्थी तपाई निबास योग्येतामा जापान आउनु भएको छ र ३ महिना भन्दा बडी जापानमा बस्स्नु हुन्छ भने तपाई लाई जापान मा ल्याण्ड गरिसकेपछि गैर-योग्यता गतिविधि अनुमति पाउनु हुनेछ।

आवश्यक कागजातहरू निम्नानुसार छन्।

① गैर-योग्यता गतिविधि अनुमति आबेदन फारम
② निवास कार्ड
③ पासपोर्ट
④ गतिविधि प्रमाणित गर्ने कागजात